# सुर्नया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रौलेश्वर, बैतडी
## सुदूरपश्चिम प्रदेश

च.नं: २०७६/७७

प्रदेश विशेष अनुदान कार्यक्रम

सूचना!! सूचना!! सूचना!!

**प्रथम प्रकाशित सूचना मिति(२०७७/०१/१५)**

१. यस सुर्नया गाउँ पालिका, बैतडीमा चालु आ.व. २०७६/०७७ मा प्राप्त विशेष अनुदानलाई सो शिर्षकका जारि निर्देशिका बमोजिम कार्यपालिकाको बैठकबाट देहायका शिर्षकहरुमा देहाय बमोजिमको रकम बिनियोजन भई उक्त शिर्षकहरु संग सम्बन्धित कार्यक्रम आयोजना संञ्चालनार्थ तपशिलको कार्य सर्त पुरा गरेका स्थानिय गैर सरकारी संस्थाबाट गाउँपालिका क्षेत्र भित्र कार्यक्रम संञ्चालन गर्नका लागि तोकिएको म्याद भित्र प्रस्ताव पेश गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | TOR NO | प्रस्तावका क्षेत्रहरु | |
|---|---|---|---|
| १. | लैङ्गिक तथा प्रजनन स्वास्थ्य(१ देखी ८ वडा सम्म) | महिला,किशोर किशारी,यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको क्षमता अभिबृद्धि | ३६ लाख |

१। प्रस्तावका उल्लेखित क्षेत्रहरुमा प्रस्ताव पेश गर्न ईच्छुक एवं योग्य संस्थाहरुबाट सम्बन्धित सूचना एवं प्रस्तावको ढाचाँ सुर्नया गाउँपालिकाको कार्यालयबाट मिति २०७७/०२/१३ गते १२ बजे सम्म प्राप्त गर्न सक्ने छन् ।

२। संस्थाले कार्यक्रमको प्रस्ताव मिति २०७७/०२/१३ गते दिउँसो २ बजे भित्र सुर्नया गाउँपालिकाको कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

३। प्रस्ताव पेस गर्न अन्तिम दिन यदि बिदा पर्न गएमा भोलि पल्ट उल्लेखित समय भित्रमा नै बुझाई सक्नुपर्ने छ ।

४। प्रस्ताव पेस गर्ने संस्थाहरु गाउँ कार्यपालिकाको कार्यालयमा सुचिकृत भएको हुनुपर्ने वा सुचिकृत हुनका लागि तपशिल अनुसारका कागजातको प्रतिलिपी संलग्न गरि निवेदन पेश गरि गाउँ कार्यपाकिाको कार्यालयबाट जुन शिर्षक अन्तर्गत कार्य गर्न चाहेको हो सो को लागि प्रस्तावको ढाँचा Terms of refrence(TOR) लिई प्रस्ताव पेश गर्न सक्नेछन् ।

- संस्था वा फर्म दर्ताको प्रमाणपत्र
- स्थाई लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र
- कर चुक्ता प्रमाण पत्र(२०७५।०७६
- आवश्यक्ता अनुसारको इजाजत पत्र
- आ.व. ०७५/०७६ को लेखा परिक्षण प्रतिवेदन
- संस्थाको प्रोफाईल तथा कार्य अनुभवको प्रमाण पत्र

५। प्रस्ताज पेश गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ र नियमावली २०६४ को नियम ९९ र अन्य आर्थिका ऐन र नियमावलीको अधिनमा प्रस्ताव माग गर्ने र कार्यान्वयन गरिनेछ सोही आधारमा नै स्वीकृत गरिनेछ ।

६। आवेदन दिने संस्थाले कम्तिमा दर्ता भएको दुई वर्ष पुरा गरेको र प्रत्येक वर्ष एक कार्यक्रम गरेको हुनुपर्नेछ ।

७। कार्यक्रम सम्पन्न गर्नुपर्ने अवधी २०७७ असाढ मसान्त सम्म हुनेछ ।

८। कार्यक्रमको सम्झौता रकमको भुक्तानी सम्झौता उल्लेख भएका सर्तहरु बमोजिम गरिनेछ ।

९। कार्यक्रमको प्रस्तापको मूल्याङ्कन स्वीकृती विशेष अनुदान सम्बन्धि कार्यविधि अनुसार गरिनेछ ।

१०। प्रस्ताव स्वीकृत एवं सदर गर्ने अधिकार सुर्नया गा.पा. को कार्यालयमा रहनेछ ।

नोटः थप जानकारीको लागि ९८४८७५०१३६

प्रमुख प्रशासकीय अधिकृत

E-mail: surnayagaupalika@gmail.com

''सक्षमनिजामतीप्रशासनविकास समृद्धि र सुशासन''